नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

## महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८० माघ ११ गते बिहीबार)

यस मन्त्रालयको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तर्गत प्रत्येक प्रदेशबाट एक महिला उद्यमी समूह र बीस जना महिला उद्यमीहरूलाई प्रविधि सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको छ। **महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि**, २०७७ को दफा ४ बमोजिम इच्छुक महिला उद्यमी र महिला उद्यमीहरूको समूहले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र प्रविधि सहयोगका लागि सम्बन्धित स्थानीय तहमा देहायका कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**देहाय :**

**महिला उद्यमी र महिला उद्यमी समूहले निवेदन साथ पेस गर्नुपर्ने कागजातहरू :**

(क) उद्योग/व्यवसाय दर्ता वा नवीकरणको प्रमाणपत्र,

(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,

(ग) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,

(घ) आवश्यकता अनुसार व्यवसायिक इजाजत-पत्र,

(ङ) व्यावसायिक योजना,

(च) माग गरेको प्रविधि र सो प्रविधिको क्षमता।

सम्बन्धित स्थानीय तहले प्रविधि सहयोग माग गरी दिएका निवेदनहरू साथ संलग्न कागजातहरूको आधारमा कार्यविधिको दफा ७ बमोजिम एक जना महिला उद्यमी र एक महिला उद्यमी समूह छनोट गरी निवेदन दिने समय (म्याद) समाप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित प्रदेशको महिला सम्बन्धी विषय हेर्ने मन्त्रालयहरूमा सिफारिस गरी पठाउनहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै, महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मन्त्रालयको **वेबसाइट : www.mowcsc.gov.np** मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ।

**नोट :** ७५३ वटै स्थानीय तह र सातै प्रदेशको उल्लिखित मन्त्रालयले यसै सूचनालाई आधार मानी **महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि**, २०७७ बमोजिम कार्य सञ्चालन गर्न गराउनुहुन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अनुरोध गर्दछ।

**स्थानीय तहमा निवेदन दिने समय (म्याद) समाप्त हुने मिति :** २०८० साल माघ २५ गते, बिहीबार कार्यालय समयभित्र।

श्री महिला बालबालिका शाखा

२०८०।१०।१२

लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्याः २०८०/०८१

चलानी नं.: ४९२

मितिः २०८०/१०/११

विषयः महिला उधमी र महिला उधमी समुह सिफारिस गरी पठाउने सम्बन्धमा।

श्री स्थानीय तह (सबै),
लुम्बिनी प्रदेश, नेपाल ।

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. रा.म.उ.स.ड./११७ मिति २०८०।०९।२९को पत्र साथ चालु आ.व.०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रपति महिला सशक्तीकरण परियोजना (ब.उ.सि.न. ३४०००१०५) अन्तर्गत प्रत्येक प्रदेशका महिला उधमी तथा उधमी समुहलाई उधमशीलता प्रवर्धनका लागि प्रविधि सञ्चालन गर्न अख्तियारी पठाउने सन्दर्भमा यस प्रदेशमा कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालयको नाममा रु ४७,००,०००(अक्षरुपी सतचालिस लाख मात्र) को अख्तियारी प्राप्त हुन आएको छ। उक्त कार्यक्रम कार्यान्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट जारी महिला उधमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम प्रदेशबाट २० जना महिला उधमीहरुलाई प्रति व्यक्ति अधिकतम २ लाख बराबर तथा १ वटा महिला उधमी समुहलाई अधिकतम रु ५ लाख बराबरको प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी मिति २०८०।१०।११को गोरखापत्र राष्ट्रिय दैनिकमा १५ दिनको सार्वजनिक सूचना समेत प्रकाशित भईसकेको छ।

तसर्थ महिला उधमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ बमोजिम यस प्रदेशका सबै स्थानीय तहका ईच्छुक महिला उधमी र महिला उधमी समुहहरुबाट तोकिएको मिति भित्र सम्बन्धित स्थानीय तहमा आवश्यक कागजात सहित निवेदन पेश गर्ने, पेश भएका महिला उधमी तथा महिला उधमी समुहका निवेदनहरु मध्ये रितपूर्वक सबै कागजात पेश भएका निवेदकहरुलाई म्याद समाप्त भएको मितिले १५ दिन भित्र स्थानीय तहको सिफारिस र तपसिलको विवरण समेत तयार गरी सक्कल फाईल समेत सम्बन्धित जिल्लाको सामाजिक विकास डिभिजन कार्यालयमा पठाउने व्यवस्थाका लागि यस मन्त्रालयको (नि.सचिवस्तर) मिति २०८०।१०।११को निर्णयानुसार अनुरोध छ । साथै उक्त सूचनाको प्रतिलिपि र कार्यविधि समेत यसै साथ संलग्न राखी पठाईएको व्यहोरा समेत अनुरोध छ।

| सि.नं | महिला उधमी /उधमी समुहको नाम | ठेगाना | महिला उधमीको नाम | फर्मको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

बोधार्थः

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार काठमाण्डौ ।

श्री सामाजिक विकास डिभिजन कार्यालय (सबै), लुम्बिनी प्रदेश नेपाल।

श्री महिला बालबालिका शाखा

निमाल

२०८०।१०।१२

..........
शारदा बस्याल
प्र.म.बि.अ